# अमरगढी नगरपालिकाको आ.व.२०८३/०८४ को नीति तथा कार्यक्रम

नगर सभा सदस्यहरु, एवं सम्पूर्ण राष्ट्रसेवक कर्मचारी र उपस्थित सम्पूर्ण महानुभावहरु यस गरिमामय सभामा अमरगढी नगरपालिकाको आर्थिक वर्ष २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा नगरपालिकालाई विभिन्न सुझाव दिनुहुने सम्पूर्ण नगरवासीहरुलाई नगरपालिकाको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। सर्वप्रथम म नेपालमा बिभिन्न समयमा नेपाल र नेपालीको स्वभिमानका निमित्त भएका बिभिन्न आन्दोलनहरुमा शहादत प्राप्त गर्नु हुने ज्ञात अज्ञात बीर शहिदहरु प्रति भाव पुर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु। संघर्षको दौरानमा बेपत्ता भएका नागरिक र उहाँहरुको पिडित परिवार प्रति हार्दिक सम्मान ब्यक्त गर्न चाहन्छु। साथै नेपाली समाजलाई अग्रगामी परिवर्तनको मार्गमा डोर्याउन बिविध क्षेत्रबाट योगदान पुर्याउनु हुने आदरणीय अग्रज योद्धाहरु प्रति हार्दिक कृतज्ञता ब्यक्त गर्दछु।

नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुसार स्थानीय तहलाई स्थानीय सरकारका रूपमा विकास, सेवा प्रवाह, सुशासन तथा जनसहभागितामूलक शासन सञ्चालनको महत्वपूर्ण जिम्मेवारी प्रदान गरेको छ। यस सन्दर्भमा डडेल्धुरा जिल्लाको सदरमुकाम रहेको अमरगढी नगरपालिकाले संविधान, स्थानीय सरकार सञ्चालन ऐन, राष्ट्रिय विकास नीति तथा प्रदेश सरकारका नीति–कार्यक्रमसँग तादात्म्यता कायम गर्दै आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तर्जुमा गरेको छु।

अमरगढी नगरपालिका ऐतिहासिक, धार्मिक, पर्यटकीय तथा प्रशासनिक दृष्टिले महत्वपूर्ण स्थानीय तह हो। नगर क्षेत्रमा उपलब्ध प्राकृतिक स्रोत–साधन, कृषि, पर्यटन, उद्यमशीलता तथा मानव पूँजीको समुचित परिचालन गरी दिगो आर्थिक विकास हासिल गर्ने आवश्यकता रहेको छ। साथै बढ्दो शहरीकरण, रोजगारी सिर्जना, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा, वातावरण संरक्षण, विपद् व्यवस्थापन र पूर्वाधार विकासका चुनौतीहरूलाई अवसरमा रूपान्तरण गर्न दीर्घकालीन सोचसहित नीति तथा कार्यक्रम तर्जुमा गरेको छु।

आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालित कार्यक्रमहरूको उपलब्धि, सिकाइ र चुनौतीहरूको समीक्षा गर्दै तथा नगरवासीको अपेक्षा, वडा तहबाट प्राप्त योजना तथा सुझाव, विषयगत समितिका सिफारिस, आवधिक योजना र दिगो विकास लक्ष्य (SDGs) लाई आधार मानी आगामी नीति तथा कार्यक्रम तयार गरेको छु।

सामाजिक न्याय सहितको समावेशी आर्थिक बिकासका माध्यमबाट समृद्धि हासिल गर्दै अघि बढ्ने कुरा अबको मार्ग चित्र हो। संबिधानले परिकल्पना गरेका मौलिक हकको पूर्ण उपभोगको सुनिश्चिततालाई समेट्दै संबिधानले परिकल्पना गरेको दिगो शान्ति, सुशासन, बिकास र समृद्धिको आकाङ्क्षालाई साकार पार्न सहयोगी हुने कार्यक्रम तथा क्रियाकलापहरु समावेश गर्नमा ध्यान दिदै दिगो बिकास लक्ष्य प्राप्तीको दिशामा अगाडी बढ्नु जरुरी छ। यो नीति तथा कार्यक्रम तयार पार्दा मैले उपरोक्त भावनालाई गहिरो गरी आत्मसात गरेको छु।

सभा सदस्य ज्युहरु,

अब म यस अमरगढी नगरपालिकाको आगामि आर्थिक बर्ष २०८३/०८४ का लागि नगरकार्यपालिकाबाट सिफारिस भई नगर सभामा पेश हुन आएको नीति तथा कार्यक्रम पेश गर्न चाहन्छु। नेपाल सरकार र प्रदेश सरकारबाट जारी भएको नगरपालिकाको नीति बजेट तथा कार्यक्रम तयारीको ढाँचाहरुलाई अनुसरण गरी यस नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा निम्न अनुसारका समग्र नीति तथा बिषयहरुलाई आधार लिएको छु।

- नेपालको संबिधानमा ब्यवस्था भएका नीति , मार्गदर्शक सिद्धान्त , मौलिक हक, स्थानीय तहका एकल तथा साझा अधिकारका सूचिका बिषय।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४।
- नेपाल सरकारको आ.व.२०८३/०८४ को नीति तथा कार्यक्रम र वजेट वक्तब्य।
- सुदुर पश्चिम प्रदेश सरकारको २०८३/०८४ नीति तथा कार्यक्रम र बजेट वक्तव्य।
- अमरगढी नगरपालिकाको चालु आवधिक योजना।
- राजनैतिक दलबाट प्राप्त सुझावहरु।
- अमरगढी नगरपालिकाको मध्यमकालिन खर्च संरचना (MTEF) प्रतिवेदन।
- अमरगढी नगरपालिकाले विगतमा तय गरेका आवधिक तथा दिर्घकालीन नीतिहरु।

- संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त निर्देशनहरु ।

अब म यस अमरगढी नगरपालिकाको आगामि बर्षमा अवलम्बन गरिने क्षेत्रगत नीति तथा कार्यक्रम संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

**१. आर्थिक विकासः–**

**क) कृषि तथा पशुपालन**

- ❖ कृषि पेशा लाई ब्यावसायिक बनाउन आधुनिकरण गरी, उन्नत जातका बिउ बिजन तथा अत्याधुनिक कृषि औजारको प्रयोग तर्फ कृषक हरुलाई बिशेष अनुदान सहुलियत प्रदान गरी उत्पादनमा बृद्धि गर्ने निति अबलम्बन गरिनेछ ।
- ❖ तरकारी तथा आलु पकेट विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक बीउ बैंक सुदृढिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ कृषिको व्यवसायीकरण, यान्त्रिकरण र मूख्य श्रृङ्खला विस्तारगरी कृषिलाई गरिबी निवारण, बेरोजगारीको अन्त्य र खाद्य सुरक्षाको आधारभूत रुपमा विकसित गर्दै कृषिको उत्पादन वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ ।
- ❖ पशुपालन र तरकारि खेति मार्फत गरिबि निवारणमा सहयोग पुर्याईने छ ।
- ❖ सिमान्तकृत, बिपन्न , मुक्त हलिया , महिला हरुलाई सामुहिक ब्यवसाय संचालन गर्न उत्प्रेरित गर्ने र अनुदान उपलब्ध गराईने छ ।
- ❖ ब्यवसायिक गाई भैसि फर्म , बंगुर फर्म, बाख्रा फर्म , कुखुरा फर्मको बिकास र बिस्तारका लागि कृषकहरुको साझेदारीमा अनुदान दिने निति अबलम्बन गरिनेछ ।
- ❖ माटो परिक्षण कार्यमा तिब्रता दिई नगदेवाली , फलफुल तथा पुष्प ब्यवसाय लाई प्रोत्साहन गर्ने र Organic खेति लाई बिशेष प्रथमिकतामा राख्ने निति अबलम्बन गरिने छ ।
- ❖ लोपोन्मुख खाद्यान्न बाली संरक्षण गर्न विशेष किसिमका कार्यक्रम संचालन गरिनेछ । धान लगायतका कोदो, मुदुरो, कागुनो, फापर जस्ता रैथाने वालीहरूको संरक्षण गरिनेछ । कृषि वाली संरक्षण गर्न वन्यजन्तुबाट हुने हानी नोक्सानी नियन्त्रणकालागि आवश्यक पहल गरिनेछ ।
- ❖ खाद्यान्न बालीहरूको उन्नत बीउ उपयोग गर्ने कृषकहरूलाइ बीउमा अनुदान दिइने चक्ला बन्दीमा आलु खेती गर्ने कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।
- ❖ विभिन्न गैर सरकारी संस्थाहरूसंगको सहकार्यमा सिंचाई पुर्वाधारहरूको निर्माण तथा मर्मत संभार कार्य गरिनेछ ।
- ❖ पानीका मुहान संरक्षणको लागि रिचार्ज पोखरीहरू निर्माण गरिनेछ ।
- ❖ बेमौसमी तरकारी खेतीको लागि पोली हाउस निर्माणमा अनुदान सहयोग गरि कृषकहरूको आयस्तरमा सुधार गर्नुका साथै उत्पादन बृद्दि गरिनेछ ।

**ख) वित्तिय क्षेत्र, लेखाङ्कन तथा वित्तिय सुशासन**

*"सुदृढ लेखाङ्कन र वित्तीय सुशासन, सफल स्थानीय शासनको पहिचान ।"*

- ❖ वित्तीय अनुशासन, पारदर्शिता र उत्तरदायित्व कायम गर्दै सार्वजनिक स्रोत–साधनको मितव्ययी, प्रभावकारी तथा नतिजामूलक परिचालन गरिनेछ ।
- ❖ प्रचलित कानुन, लेखा मापदण्ड तथा सार्वजनिक क्षेत्र लेखामान (NPSAS) बमोजिम लेखाङ्कन, प्रतिवेदन तथा वित्तीय व्यवस्थापन प्रणालीलाई सुदृढ बनाइनेछ ।
- ❖ आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक लेखापरीक्षण तथा नियमित वित्तीय अनुगमनलाई प्रभावकारी बनाई बेरुजु न्यूनीकरण र वित्तीय जोखिम व्यवस्थापन गरिनेछ ।
- ❖ सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापन तथा विद्युतीय भुक्तानी प्रणालीको विस्तार गरी वित्तीय कारोबारलाई पारदर्शी, सुरक्षित र व्यवस्थित बनाइनेछ ।
- ❖ बजेट तर्जुमा, कार्यान्वयन, लेखाङ्कन तथा लेखापरीक्षण प्रक्रियामा सुशासन, जनउत्तरदायित्व र नागरिक सहभागिता अभिवृद्धि गरिनेछ ।

- ❖ नगरपालिकाको आन्तरिक आय वृद्धि गर्न कर तथा गैरकर राजस्वको दायरा विस्तार गरिनेछ ।
- ❖ करदातामैत्री नीति अवलम्बन गर्दै कर प्रशासनलाई सरल, पारदर्शी तथा प्रविधिमैत्री बनाइनेछ ।

- सम्पत्ति कर, व्यवसाय कर, घरबहाल कर लगायतका स्थानीय करहरूको अभिलेखीकरण तथा अद्यावधिक कार्यलाई प्रभावकारी बनाइनेछ ।
- उपलब्ध स्रोत र साधनको यथार्थ आकलनका आधारमा सन्तुलित तथा यथार्थपरक बजेट तर्जुमा गरिनेछ ।
- पूँजीगत खर्चको प्रभावकारिता बढाई विकास निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।
- सबै आर्थिक कारोबारलाई बैंकिङ प्रणालीमार्फत सञ्चालन गरिनेछ ।
- आन्तरिक लेखापरीक्षणलाई नियमित तथा प्रभावकारी बनाइनेछ ।
- संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणको प्रभावकारी उपयोग सुनिश्चित गरिनेछ ।
- बित्तिय संस्थामा एक परिवार एक खाता नीति अनिवार्य रुपमा अबलम्वन गरि आम जनताको बचत अभिबृद्धिमा पहल गरिनेछ ।
- सामाजिक सुरक्षा भत्तालाई सर्वसुलभ रुपमा बितरण गर्न बित्तिय संस्थाहरु संग समन्वय गरि घुम्ती बैंक संचालन का लागि पहल गरिनेछ ।

**ग) उद्योग तथा बाणिज्य**

*"स्थानीय उत्पादनको सम्मान, आत्मनिर्भर अर्थतन्त्रको अभियान ।"*

- स्थानीय स्रोत, सीप, प्रविधि तथा कच्चा पदार्थमा आधारित घरेलु, साना तथा मझौला उद्योगहरूको स्थापना, विस्तार र प्रवर्द्धन गरिनेछ ।

- कृषि, वन, जडीबुटी, पर्यटन तथा स्थानीय उत्पादनमा आधारित उद्यम विकासलाई प्राथमिकता दिई रोजगारी सिर्जना गरिनेछ ।

- उद्यमशीलता विकास तथा स्वरोजगार प्रवर्द्धनका लागि युवा, महिला, दलित, विपन्न तथा पिछडिएका समुदायलाई लक्षित सीपमूलक तालिम तथा व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय उत्पादनको बजारीकरण, ब्रान्डिङ, प्याकेजिङ तथा मूल्य अभिवृद्धिमा सहयोग पुऱ्याइनेछ ।
- "एक वडा एक उत्पादन" अवधारणालाई प्रोत्साहन गरी स्थानीय विशिष्ट उत्पादनहरूको पहिचान, उत्पादन तथा प्रवर्द्धन गरिनेछ ।
- उद्योग तथा व्यवसाय दर्ता, नवीकरण तथा नियमन प्रक्रियालाई सूचना प्रविधिमैत्री, सरल तथा पारदर्शी बनाइनेछ ।
- उद्योग तथा व्यापार क्षेत्रमा लगानी आकर्षित गर्न निजी क्षेत्रसँग सहकार्य र समन्वयलाई सुदृढ गरिनेछ ।
- स्थानीय उद्योग तथा व्यवसायको प्रवर्द्धनका लागि लगानी सम्मेलन, व्यापार मेला, प्रदर्शनी तथा बजार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगर क्षेत्रभित्र सञ्चालित उद्योग तथा व्यवसायहरूको तथ्याङ्क अद्यावधिक गरी व्यवसायिक अभिलेख प्रणालीलाई व्यवस्थित बनाइनेछ ।

**घ) पर्यटन-संस्कृती: "पर्यटनमा लगानि, समृद्धिको बिहानी"**

*"संस्कृतिको संरक्षण, पर्यटनको प्रवर्द्धन; समृद्ध अमरगढीको सशक्त अभियान।"*

- अमरगढी नगरपालिकाभित्र रहेका धार्मिक, ऐतिहासिक, प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धन गरिनेछ ।
- पर्यटकीय गन्तव्यहरूको पूर्वाधार विकास, सौन्दर्यीकरण तथा पहुँच विस्तार गरी आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्ने नीति अवलम्बन गरिनेछ ।
- स्थानीय कला, संस्कृति, भाषा, भेषभूषा, रीतिरिवाज तथा मौलिक सम्पदाको संरक्षण र पुस्तान्तरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- पर्यटन क्षेत्रसँग सम्बन्धित होमस्टे, होटल, रेष्टुरेन्ट, स्थानीय हस्तकला तथा सांस्कृतिक व्यवसायलाई प्रोत्साहन गरी रोजगारी र आयआर्जनका अवसर सिर्जना गरिनेछ ।
- पर्यटकीय स्थलहरूको पहिचान, ब्रान्डिङ तथा डिजिटल माध्यमबाट प्रचारप्रसार गरी नगरको पर्यटन प्रवर्द्धन गरिनेछ ।
- स्थानीय तथा राष्ट्रिय स्तरका सांस्कृतिक, धार्मिक तथा पर्यटन महोत्सवहरूको आयोजना र प्रवर्द्धन गरी नगरको पहिचान स्थापित गरिनेछ ।
- पर्यटन तथा सांस्कृतिक सम्पदाको दिगो व्यवस्थापन, संरक्षण र उपयोगका लागि सरकारी, निजी तथा सामुदायिक क्षेत्रसँग साझेदारी र सहकार्यलाई प्रोत्साहन गरिनेछ ।
- ऐतिहासिक अमरगढी किल्लाको मौलिक संरक्षणमा जोड दिइनेछ र यस किल्लालाई ऐतिहासिक पर्यटकीय स्थलका रुपमा विकास गर्ने गुरु योजना अनुसार किल्ला भित्र संग्राहालय स्थापना लगायतका अन्य कार्यहरु गरिनेछ ।
- पुराना पाटी पैवा , मगराउ , नौला , धर्मशाला संरक्षण गरि मौलिक संस्कृति संरक्षण गरिनेछ ।
- नगर क्षेत्रभित्र रहेको सरकारी पर्ति जग्गामा वाल उद्यान तथा मनोरंजन स्थल निर्माणको कार्य अगाडी बढाईनेछ ।

- नगरपालिका भित्र अवस्थित प्रसिद्ध धार्मिक पर्यटिकिय क्षेत्र उग्रतारा र घटालथान मन्दिर लगायत अन्य धार्मिक क्षेत्रमा थप पूर्वाधार निर्माणगरी पर्यटिकिय क्षेत्रको रुपमा विकास गरिनेछ।

**ङ) सहकारी**

***"सबल सहकारी, समृद्ध नागरिक; आत्मनिर्भर अमरगढी।"***

- **"समृद्धि र आत्मनिर्भरताका लागि सहकारी"** भन्ने अवधारणालाई आत्मसात् गर्दै सहकारी संस्थाहरूको संस्थागत सुदृढीकरण तथा क्षमता विकास गरिनेछ।
- बचत तथा ऋणको सुरक्षित परिचालन, सुशासन, पारदर्शिता र वित्तीय अनुशासन कायम गर्न सहकारी संस्थाहरूको नियमित अनुगमन तथा नियमनलाई प्रभावकारी बनाइनेछ।
- उत्पादनमूलक, कृषि, महिला, युवा तथा उद्यमशीलता प्रवर्द्धनमा सहकारी क्षेत्रको सहभागिता अभिवृद्धि गरिनेछ।
- सहकारी संस्थाहरूमा सूचना प्रविधिको प्रयोग, अभिलेख व्यवस्थापन तथा वित्तीय साक्षरताका कार्यक्रम सञ्चालन गरी सेवा प्रवाहलाई आधुनिक र प्रभावकारी बनाइनेछ।
- सहकारी, निजी क्षेत्र र स्थानीय सरकारबीच सहकार्य तथा साझेदारी प्रवर्द्धन गर्दै स्थानीय आर्थिक विकास र रोजगारी सिर्जनामा सहकारी क्षेत्रको योगदान बढाइनेछ।

**२) सामाजिक विकास:**

**क) शिक्षा**

*"गुणस्तरीय शिक्षा, समृद्ध भविष्यको आधार।"*

- गुणस्तरीय, समावेशी तथा पहुँचयोग्य शिक्षाको सुनिश्चितता गर्दै सबै बालबालिकालाई विद्यालय शिक्षाको पहुँचमा ल्याइनेछ।
- सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार, भौतिक पूर्वाधार विकास तथा प्रविधिमैत्री शिक्षण प्रणाली विस्तार गरिनेछ।
- शिक्षकहरूको क्षमता विकास, कार्यसम्पादन मूल्याङ्कन तथा उत्तरदायित्व अभिवृद्धि गरी सिकाइ उपलब्धि सुधार गरिनेछ।
- विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान गरी भर्ना, निरन्तरता र सिकाइ सुनिश्चित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- प्राविधिक, व्यावसायिक तथा सीपमूलक शिक्षालाई प्रोत्साहन गरी शिक्षालाई रोजगारी र उद्यमशीलतासँग जोडिनेछ।
- छात्रवृत्ति, दिवा खाजा, स्वास्थ्य तथा सरसफाइ लगायतका कार्यक्रममार्फत बालमैत्री तथा समावेशी शैक्षिक वातावरण निर्माण गरिनेछ।
- विद्यालय, अभिभावक, समुदाय तथा सरोकारवालाबीचको सहकार्य सुदृढ गरी शिक्षा क्षेत्रमा सुशासन, पारदर्शिता र उत्तरदायित्व कायम गरिनेछ।
- विद्यालयमा शिक्षक व्यवस्थापनलाई सहज र प्रभावकारी बनाउन शिक्षक बैंकको अवधारणा कार्यन्वयन गरिनेछ।
- स्थानीय शिक्षा ऐनमा आधारित कानून तथा मापदण्डहरू निर्माण गरी शैक्षिक सुशासन कायम गरिनेछ।
- विद्यालय र नगर स्तरका शैक्षिक गतिविधिहरू क्यालेण्डरबमोजिम सञ्चालन गरिनेछ।
- विद्यालयलाई हाल प्रदान गरिदै आएको प्रसुतिकालीन सहायता अनुदानलाई निरन्तरता दिइनेछ।
- स्थानीय पाठ्यक्रमलाई आवश्यकतानुसार परिमार्जन गरी सो अनुसारका अन्य पाठ्यसामग्रीहरूको विकास गरिनेछ।
- विद्यालयका खेलकुद गतिबिधिहरूलाई थप व्यापक, व्यवस्थित र सुदृढीकरण गरिनेछ।

**ख) युवा तथा खेलकुद**

*"स्वस्थ युवा, स्वस्थ समाज"*

- युवाको क्षमता, सीप, नेतृत्व तथा उद्यमशीलता विकास मार्फत उत्पादनशील र जिम्मेवार नागरिक निर्माण गरिनेछ।
- युवाहरूलाई स्वरोजगार, उद्यमशीलता तथा रोजगारीका अवसरसँग जोड्न सीपमूलक तथा रोजगारमुखी कार्यक्रम सञ्चालन गरिनेछ।
- खेलकुद क्षेत्रको विकासका लागि खेलमैदान, कभर्ड हल तथा अन्य खेल पूर्वाधारहरूको निर्माण, स्तरोन्नति र संरक्षण गरिनेछ।
- विद्यालय तथा समुदायस्तरमा खेलकुद गतिविधिलाई प्रोत्साहन गरी खेल संस्कृतिको विकास गरिनेछ।

- ❖ प्रतिभाशाली खेलाडीहरूको पहिचान, प्रोत्साहन तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ महिला, युवा तथा लक्षित वर्गको खेलकुदमा सहभागिता अभिवृद्धि गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ स्थानीय, अन्तरपालिका, जिल्ला तथा प्रदेशस्तरीय खेलकुद प्रतियोगिताहरूको आयोजना र सहभागितालाई प्रोत्साहन गरिनेछ।
- ❖ लागुऔषध दुर्व्यसन, हिंसा तथा सामाजिक विकृतिविरुद्ध युवाहरूलाई परिचालन गर्दै सकारात्मक सामाजिक अभियान सञ्चालन गरिनेछ।

**ग) सामाजिक विकास (लक्षित बर्ग)**

*"लक्षित वर्गको सशक्तीकरण, समृद्ध समाजको निर्माण।"*

- ❖ महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, अल्पसंख्यक तथा विपन्न समुदायको सशक्तीकरण र मूलप्रवाहीकरणका कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ लैंगिक हिंसामा पिडित व्यक्तिहरुको उद्धार तथा व्यवस्थापनका लागि लैंगिक हिंसा निवारण कोष सञ्चालन गरिनेछ।
- ❖ वालवालिका कोषको स्थापना गरिनेछ।
- ❖ लक्षित वर्गको सामाजिक, आर्थिक तथा शैक्षिक उत्थान का लागि सीप विकास, स्वरोजगार तथा आयआर्जनमूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ महिला तथा बालबालिकामाथि हुने हिंसा, विभेद, दुर्व्यवहार र सामाजिक कुरीति अन्त्यका लागि सचेतना तथा संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहाय नागरिकका लागि सम्मानजनक, सुरक्षित र पहुँचयुक्त सेवा तथा सहयोग उपलब्ध गराइनेछ।
- ❖ सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी, पारदर्शी तथा प्रविधिमैत्री बनाउँदै लक्षित वर्गको पहुँच सुनिश्चित गरिनेछ।
- ❖ लक्षित वर्गका समुदाय तथा समूहहरूको संस्थागत क्षमता विकास र नेतृत्व विकास मार्फत सामाजिक सहभागिता अभिवृद्धि गरिनेछ।
- ❖ सामाजिक समावेशीकरण, समान अवसर तथा सामाजिक न्यायको प्रत्याभूति गर्दै समतामूलक समाज निर्माण मा जोड दिइनेछ।
- ❖ जेष्ठ नागरिकले पाउने सेवा सुविधाहरु सहज रुपमा वितरण गर्नका लागि सम्बन्धित बैङ्कहरुसंग सहकार्य गरि घरदैलोमा गएर वितरण गरिनेछ।
- ❖ जातिय भेदभाव न्यूनिकरणका लागि नगर क्षेत्रमा विभिन्न प्रकारका जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ।

**ग) स्वास्थ्य**

"स्वस्थ नागरिक, समृद्ध अमरगढी।"

- ❖ सबै नागरिकलाई गुणस्तरीय, सहज र पहुँचयोग्य स्वास्थ्य सेवा उपलब्ध गराउन आधारभूत स्वास्थ्य सेवाको विस्तार तथा सुदृढीकरण गरिनेछ।
- ❖ स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधार, उपकरण, औषधि तथा दक्ष स्वास्थ्य जनशक्ति व्यवस्थापनलाई प्राथमिकता दिइनेछ।
- ❖ मातृ तथा शिशु स्वास्थ्य, पोषण, खोप तथा परिवार नियोजन कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।
- ❖ नसर्ने रोग, मानसिक स्वास्थ्य, सरुवा रोग तथा महामारी नियन्त्रणका लागि रोकथाम, उपचार र जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ विपन्न, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य लक्षित वर्गको स्वास्थ्य सेवामा पहुँच र सहजीकरण सुनिश्चित गरिनेछ।
- ❖ स्वास्थ्य क्षेत्रमा सूचना प्रविधिको प्रयोग विस्तार गर्दै स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली लाई थप प्रभावकारी बनाइनेछ।
- ❖ स्वस्थ जीवनशैली, सरसफाइ, स्वच्छ खानेपानी तथा वातावरणीय स्वास्थ्य प्रवर्द्धनमार्फत स्वस्थ नगर निर्माण मा जोड दिइनेछ।
- ❖ उच्च रक्तचाप ,मधुमेह , क्यान्सर, दम, कलेजो र महिलाको पाठेघर सम्वन्धि रोगको समस्या भएकालाई उच्च प्राथमिकताका साथ नि शुल्क पहिचान शिविर संचालन गरि उपचारको दायरामा ल्याईने छ।
- ❖ गर्भवती महिलाको गुणस्तरिय स्वास्थ्य सेवाको सुनिश्चितता गर्न प्रत्येक स्वास्थ्य केन्द्रमा त्रैमासिक घुम्ती ग्रामिण अल्ट्रासाउन्ड कार्यक्रम संचालन गरिनेछ।
- ❖ नेपाल सरकारबाट घोषणा गरिएका नि:शुल्क ९८ प्रकारका औषधीहरु बर्ष भरी आपुर्ति गर्ने व्यवस्था मिलाइनेछ।
- ❖ न्युनतम सेवा मापदण्ड लाई आधारमानि आधारभूत स्वास्थ्य केन्द्रको भौतिक पुर्वाधारमा बृद्धि गरि सहज स्वास्थ्य सेवा प्रवाह गरिनेछ।
- ❖ योगाभ्यास, योग शिक्षा र आध्यात्मीक शिक्षा लागु गरी जीवन शैली परिवर्तनमा जोड दिईने छ।

- ❖ अपाङ्गता भएका व्यक्तिहरुलाई शिविर संचाल गरी आवश्यक्ताका आधारमा सहयक सामाग्री वितरण गरिने छ ।
- ❖ अमरगढी नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका निजी तथा साझेदारी औषधी पसल, आगुर्वेदिक क्लिनिक र हेल्थ क्लिनिक र प्रयोगशाला लगायतका सेवा प्रदायक स्वास्थ्य संस्थाको तथ्याङ्ग संकलन , दर्ता प्रकृया ,नियमन अनुगमन र मुल्याङ्कन गर्ने कार्यलाई बिशेष प्राथमिकता दिईने छ ।
- ❖ गुणस्तरिय स्वास्थ्य सेवा बाट बन्चित हुन नपरोस भन्ने हेतुले स्वस्थ्य नगर निर्माणको अभियान लाई सार्थक तुल्याउन नगरपालिका मातहतका स्वास्थ्य केन्द्रबाट नगरबासिले नियमित खोप लाई व्यबस्थित, गुणस्तरिय र सहज रुपले उपलब्धहुने व्यवस्था मिलाईने छ ।
- ❖ नगरपालिका अन्तर्गतका प्रत्येक स्वास्थ्य संस्थाबाट प्रवाह हुदै आएका स्वास्थ्य गतिविधिहरुको चुस्त,दुरुस्त अभिलेख तथा विद्युतिय प्रतिवेदन प्रणालीको विकास गरी स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली र आपुर्ति व्यवस्था प्रणाली लाई थप सुदृढ गरिने छ ।
- ❖ कर्मचारी लाई क्षमता अभिबृद्धि तालिम संचालन गरी थप सेवाको किसिम र गुणस्तरमा बिशेष जोड दिईने छ।
- ❖ एकिकृत स्वास्थ्य तथा पोषण सम्बन्धि प्रतिबद्धता २०७६ को मुल मन्त्र "पोषिलो खाना,शुद्ध पानि,साबुन पानिले हात धुने ,चर्पी प्रयोग र फोहर व्यवस्थापनको अपरिहार्यता, अमरगढी नगरपालिकाले गरेको छ सबै नागरिकलाई अनिवार्यता " अन्तर्गत संचालीत समुदाय तथा विद्यालहरुमा संचालित शुद्ध पिउने पानि अभियान लाई निरन्तरता दिईने छ ।
- ❖ नगरपालिका भित्र किटजन्य रोगका कारणले हुने माहामरी बिरुद्ध बिशेष अभियान संचालन गरिने छ ।
- ❖ विद्यालय नर्स कार्यक्रम मार्फत विद्यालयहरुमा संचालन हुने नियमित आईरन फोलिक एसिड,जुकाको औषधि,सेनेटरी प्याड बितरण कार्यलाई निरन्तरता दिनुका साथै स्वास्थ्य शिक्षा सम्बन्धि बिशेष कक्षा संचालन गरिने छ।
- ❖ अमरगढी नगरपालिका अन्तर्गतका स्वास्थ्य केन्द्रहरुलाई सुचक पुरा गरेका स्वास्थ्य केन्द्रहरु लाई किशोर किशोरी मैत्री स्वास्थ्य संस्था घोषणा गरिने छ ।
- ❖ पुर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रमलाई निरन्तरता दिईने छ ।

**घ) सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ताः**

*"समयमै घटना दर्ता, सुनिश्चित सामाजिक सुरक्षा।"*

- ❖ सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई पारदर्शी, प्रविधिमैत्री र प्रभावकारी बनाउँदै वास्तविक लाभग्राहीको पहुँच सुनिश्चित गरिनेछ ।
- ❖ जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धविच्छेद लगायतका व्यक्तिगत घटना दर्तालाई समयमै, पूर्ण र तथ्यपरक बनाउन जनचेतना तथा सहजीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी सेवालाई नागरिकमैत्री, सहज र पहुँचयोग्य बनाइनेछ ।
- ❖ सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ताको डिजिटल अभिलेख व्यवस्थापन र तथ्याङ्क प्रणाली लाई सुदृढ गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ ।
- ❖ ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिला तथा अन्य लक्षित वर्गको सामाजिक सुरक्षामा पहुँच र अधिकार सुनिश्चित गर्न आवश्यक समन्वय तथा सहजीकरण गरिनेछ ।

**३) पुर्वाधार विकासः**

*"भौतिक पुर्वाधार विकासको आधार"*

**क) आवास तथा भवनः**

- ❖ सुरक्षित, व्यवस्थित र वातावरणमैत्री आवास विकास लाई प्रोत्साहन गर्दै नागरिकको आधारभूत आवास अधिकारको सुनिश्चिततामा जोड दिइनेछ ।
- ❖ भवन निर्माण कार्यलाई राष्ट्रिय भवन संहिता तथा प्रचलित मापदण्डअनुसार व्यवस्थित, सुरक्षित र भूकम्प प्रतिरोधी बनाउन आवश्यक नियमन तथा सहजीकरण गरिनेछ ।
- ❖ विपन्न, दलित, एकल महिला, अपाङ्गता भएका व्यक्ति तथा अन्य लक्षित वर्गका लागि सुरक्षित आवास निर्माण तथा सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ नगर क्षेत्रभित्रका सार्वजनिक भवन, शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा अन्य संरचनाहरूलाई अपाङ्गतामैत्री, बालमैत्री र सेवाग्राहीमैत्री बनाउँदै लगिनेछ ।

❖ एकीकृत बस्ती विकास, सुरक्षित आवास तथा व्यवस्थित सहरीकरणलाई प्रोत्साहन गर्दै जग्गा उपयोग योजना र भवन निर्माण प्रक्रियालाई प्रभावकारी बनाइनेछ।

❖ घर नक्सा स्वीकृतलाई ब्यवस्थित गरि सडक सतहबाट माथी निर्माण हुने घरतलाको संख्या निश्चित गरी कार्यान्वयन गरिनेछ ।

❖ एकिकृत शहरी विकास योजनालाइ कार्यन्वयन गरिनेछ।

❖ नगरक्षेत्र भित्र रहेका बस स्टपहरुलाई व्यवस्थित गरिनेछ साथै हरेक बस स्टपहरुमा सार्वजनिक शौचालयको उपलब्धताको लागि आवश्यक पहल गरिनेछ।

❖ नगरपालिका क्षेत्र भित्रका ग्रामिण क्षेत्रमा पूर्वाधार विकास गरि शहरीकरण गरिने छ।

❖ सार्वजनीक जमिन मिचेर घर निर्माण गर्ने कार्यलाइ निरुत्साहित गरि सार्वजनीक जमिनको लगत लिई संरक्षणमा जोड दिइने छ।

❖ अमरगढी नगरपालिकालाई Hill City को रुपमा विकास गरिने छ।

❖ अव्यवस्थीत बसोवासलाई व्यवस्थीत गरि बढ्दो शहरीकरणलाई उचित ब्यवस्थापन गरिनेछ।

❖ अपाङ्ग, बृद्ध, असहाय मैत्री शहरी संरचनामा जोड दिइनेछ।

❖ भवन निर्माण ब्यवसायीक र आवासीय गरि दुई भागमा बर्गीकरण गरिने छ।

❖ कलात्मक र पुरातात्विक रूपमा घर निर्माण गर्नेलाई नक्सापास दस्तुरमा छुटको व्यवस्था मिलाइनेछ।

**ख) सडक तथा पुलः**

*"गुणस्तरीय सडक र सुरक्षित पुल, समृद्धिको सुदृढ मूल।"*

❖ नगरभित्रका सडक तथा पुलहरूको दिगो, सुरक्षित र गुणस्तरीय निर्माण, स्तरोन्नति तथा मर्मतसम्भार कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।

❖ कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य तथा आर्थिक गतिविधिसँग जोडिएका सडक सञ्जालको विस्तार गरी सबै वडामा सहज पहुँच सुनिश्चित गरिनेछ।

❖ सडक तथा पुल निर्माणमा वातावरणीय सन्तुलन, जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गरिनेछ।

❖ सडकको नियमित मर्मतसम्भार, नाली व्यवस्थापन, सडक सुरक्षा तथा यातायात व्यवस्थापनलाई प्रभावकारी बनाई सुरक्षित आवागमन सुनिश्चित गरिनेछ।

❖ संघ, प्रदेश, स्थानीय तह तथा विकास साझेदारहरूसँगको सहकार्यमा रणनीतिक महत्वका सडक तथा पुल निर्माण योजनाहरू कार्यान्वयन गरिनेछ।

❖ नगरपालिका भित्रका सडकहरूको स्तरोन्नतीका लागि नगर यातायात गुरूयोजना पुर्णरुपमा कार्यान्वयन गरिनेछ।

❖ ग्रामिण क्षेत्रको विकासलाई उत्पादनमूलक र स्थानीय अर्थतन्त्रसँग जोड्न सार्वजनिक निजी साझेदारीका आधारमा पूर्वाधार विकास आयोजनाहरू सञ्चालन गर्ने नीति लिइनेछ।

❖ भौतिक पूर्वाधार अपुग भएका विद्यालयहरूमा विद्यालय भवन, शौचालय, खेलकुद मैदान लगायत पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

❖ बाढी, पहिरो, भू-क्षय नियन्त्रर्ण गर्न Bio engineering गर्ने कार्यको थालनी गरिनेछ।

❖ नगरपालिकाको क्षेत्रमा संचालन हुने पूर्वाधारका योजनाहरुमा समन्वय, सहजिकरण र अनुगमन कार्यलाई थप प्रभावकारी बनाईनेछ।

❖ नगर भित्रको वातावरण स्वच्छता र नगरवासीको जनस्वास्थ्यलाई ध्यानमा राखी विद्युतिय सवारी साधनको प्रयोगलाई प्रोत्साहित गरिनेछ।

❖ नगर गौरवका थप आयोजनाहरूको निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

❖ कालोपत्रे सडक निर्माण कार्यलाई उपभोक्ता समितिबाट कार्यन्वयन गर्न नपाउने व्यवस्था गरिनेछ। साथै, ठुला मेसिनरी औजार प्रयोग नहुने र लाभान्वित समुहको रोजगारी अभिबृद्धि हुने विकास निर्माणका आयोजनाहरू मात्र उपभोक्ता समितिबाट कार्यन्वयन गरिनेछ।

**ग) वैकल्पीक उर्जा, साना जलविद्युत, सूचना तथा संचार प्रबिधि र रोजगार**

*"ऊर्जा, प्रविधि र रोजगारको विस्तार; समृद्ध अमरगढीको बलियो आधार।"*

❖ नवीकरणीय तथा वैकल्पिक ऊर्जा (सौर्य, बायोग्यास, सुधारिएको चुलो आदि) को उत्पादन, उपयोग र विस्तारलाई प्रोत्साहन गरिनेछ।

- ❖ सार्वजनिक भवन, विद्यालय, स्वास्थ्य संस्था तथा सामुदायिक संरचनाहरूमा ऊर्जा दक्ष तथा नवीकरणीय ऊर्जा प्रविधिको प्रयोगलाई प्राथमिकता दिइनेछ।
- ❖ सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरी सेवा प्रवाहलाई छिटो, पारदर्शी र नागरिकमैत्री बनाइनेछ।
- ❖ डिजिटल साक्षरता अभिवृद्धि गर्न विद्यार्थी, युवा, महिला तथा लक्षित वर्गका लागि सूचना प्रविधि सम्बन्धी सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ नगरपालिकाका सूचना प्रणाली, अभिलेख व्यवस्थापन तथा सार्वजनिक सेवाहरूलाई क्रमशः डिजिटल प्रणालीमा आबद्ध गरिनेछ।
- ❖ स्थानीय आवश्यकता र सम्भावनामा आधारित रोजगारमूलक तथा सीपमूलक तालिम कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ बेरोजगार युवा, महिला तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूलाई उद्यमशीलता विकास तथा स्वरोजगार कार्यक्रममार्फत प्रोत्साहन गरिनेछ।
- ❖ कृषि, पर्यटन, उद्योग, निर्माण तथा सेवा क्षेत्रसँग रोजगारलाई आबद्ध गर्दै स्थानीय रोजगारी सिर्जना मा जोड दिइनेछ।
- ❖ निजी क्षेत्र, सहकारी संस्था तथा अन्य सरोकारवालासँग साझेदारी गरी रोजगार प्रवर्द्धन, उद्यम विकास तथा श्रम बजार सूचना प्रणाली लाई सुदृढ बनाइनेछ।

**घ) खानेपानी तथा सरसफाई**

*"स्वच्छ खानेपानी र सरसफाइ, स्वस्थ जीवनको सुनिश्चितता।"*

सबै नागरिकलाई स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानीको पहुँच सुनिश्चित गर्न खानेपानी आयोजनाहरूको निर्माण, विस्तार तथा स्तरोन्नति गरिनेछ।

खानेपानीका मुहान, जलाधार क्षेत्र तथा स्रोतहरूको संरक्षण, पुनर्भरण र दिगो व्यवस्थापनलाई प्राथमिकता दिइनेछ।

व्यक्तिगत, सामुदायिक तथा संस्थागत सरसफाइ प्रवर्द्धन गर्दै स्वच्छ, स्वस्थ र सफा नगर निर्माण अभियान सञ्चालन गरिनेछ।

खानेपानी तथा सरसफाइ सेवाको दिगोपन सुनिश्चित गर्न उपभोक्ता समितिको क्षमता विकास, नियमित मर्मतसम्भार तथा प्रभावकारी व्यवस्थापन प्रणाली लागू गरिनेछ।

**ङ) सिंचाई**

- ❖ संघ, प्रदेश तथा विकास साझेदार निकायहरूसँगको सहकार्यमा ठूला तथा रणनीतिक महत्वका सिँचाइ आयोजना कार्यान्वयन गरिनेछ।
- ❖ जलस्रोतको न्यायोचित वितरण, संरक्षण तथा उपयोगमार्फत दिगो कृषि विकास र किसानको आयवृद्धि सुनिश्चित गरिनेछ।
- ❖ पानीको स्रोत संरक्षण, व्यवस्थापन तथा दिगो उपयोग सुनिश्चित गर्दै जलस्रोतमा आधारित सिँचाइ प्रणाली विकास गरिनेछ।
- ❖ सिँचाइ पूर्वाधार निर्माणमा किसान समूह, उपभोक्ता समिति तथा सरोकारवालाहरूको सहभागिता अभिवृद्धि गरिनेछ।

**४. वातावरण तथा विपद व्यवस्थापन:**

*"वातावरणमैत्री विकास, विपद् जोखिममा न्यूनीकरण।"*

- ❖ वातावरण संरक्षण, जलवायु अनुकूलन तथा दिगो विकासलाई स्थानीय विकास योजनाको अभिन्न अंगका रूपमा कार्यान्वयन गरिनेछ।
- ❖ वन, जलस्रोत, जैविक विविधता तथा प्राकृतिक सम्पदाको संरक्षण, संवर्द्धन र दिगो उपयोगमा जोड दिइनेछ।
- ❖ प्लास्टिकजन्य फोहोर न्यूनीकरण तथा वातावरणमैत्री सामग्रीको प्रयोगलाई प्रोत्साहन गरिनेछ।
- ❖ फोहोरमैला व्यवस्थापनलाई व्यवस्थित, वैज्ञानिक र दिगो बनाउँदै स्रोतमै वर्गीकरण गर्ने प्रणाली लागू गरिनेछ।
- ❖ हरियाली प्रवर्द्धनका लागि वृक्षारोपण तथा खुला क्षेत्र संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

- जलवायु परिवर्तनका असर न्यूनीकरण तथा अनुकूलनका कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई विकास प्रक्रियाको मूल प्रवाहमा समावेश गरिनेछ ।
- बाढी, पहिरो,आगलागी, भूकम्प लगायतका विपद्को जोखिम पहिचान तथा नक्साङ्कन कार्यलाई निरन्तरता दिइनेछ ।
- विपद् पूर्वतयारी, उद्धार तथा राहत व्यवस्थापनका लागि आवश्यक स्रोत, साधन तथा जनशक्ति तयारी अवस्थामा राखिनेछ ।
- समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपद् प्रभावित क्षेत्रको पुनर्स्थापना तथा पुनर्निर्माण कार्यलाई प्रभावकारी बनाइनेछ ।
- विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक संरचनाहरूलाई विपद् प्रतिरोधी र सुरक्षित बनाइनेछ ।
- विपद् व्यवस्थापन कोषलाई सुदृढ गरी आकस्मिक अवस्थाको सामना गर्न आवश्यक वित्तीय व्यवस्था गरिनेछ ।
- खोज, उद्धार तथा आपतकालीन सेवामा संलग्न निकायहरूसँग समन्वय र सहकार्यलाई प्रभावकारी बनाइनेछ ।
- आगलागी नियन्त्रण तथा आपतकालीन प्रतिकार्य क्षमताको विकासका लागि आवश्यक उपकरण तथा जनशक्ति व्यवस्थापन गरिनेछ ।
- जलाधार संरक्षण, भू–क्षय नियन्त्रण तथा पहिरो न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिनेछ ।
- वातावरण संरक्षण तथा विपद् व्यवस्थापनमा समुदाय, विद्यालय, निजी क्षेत्र तथा नागरिक समाजको सहभागिता अभिवृद्धि गरिनेछ ।
- स्वच्छ, हरित, सुरक्षित र विपद् उत्थानशील नगर निर्माणका लागि वातावरण तथा विपद् व्यवस्थापनका कार्यक्रमहरूलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
- विपद व्यवस्थापन अन्तर्गत जोखिम न्युनिकरण लगायत विपद व्यवस्थापनको कार्यहरु योजनाबद्ध ढंगबाट विपद व्यवस्थापन योजना Disaster Risk Management Plan बनाइ कार्यान्वयनमा ल्याउन पहल गरिनेछ ।
- वन उद्यान विकासमा जोड दिइनेछ ।
- वन संरक्षणमा सवैको सहभागिता जुटाइ वृक्षारोपण कार्य संचालन गरिनेछ ।
- नगरक्षेत्र भित्र रहेका पानीका मुहानहरु साथै परम्परागत न्वाला कुवाहरुको संरक्षण र सम्बर्द्धन गरी पानी पुनर्भरण recharge गर्ने नीति अबलम्बन गरिनेछ ।

**५) सुशासन तथा संस्थागत विकासः**

*"सुशासन, पारदर्शिता र उत्तरदायित्व: समृद्ध नगरको आधार ।"*

- पारदर्शी, उत्तरदायी, सहभागितामूलक र परिणाममुखी शासन प्रणाली अवलम्बन गर्दै सुशासन प्रवर्द्धन गरिनेछ ।
- सेवा प्रवाहलाई छिटो, सरल, प्रविधिमैत्री तथा नागरिकमैत्री बनाउँदै सार्वजनिक सेवाको गुणस्तर अभिवृद्धि गरिनेछ ।
- नगरपालिकाको संस्थागत क्षमता विकासका लागि जनशक्ति व्यवस्थापन, क्षमता अभिवृद्धि तथा कार्यसम्पादन प्रणालीलाई सुदृढ बनाइनेछ ।
- सूचना प्रविधिको प्रयोग विस्तार गरी प्रशासनिक तथा वित्तीय व्यवस्थापनलाई थप प्रभावकारी र पारदर्शी बनाइनेछ ।
- सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा नागरिक सहभागिताका माध्यमबाट जनउत्तरदायित्व अभिवृद्धि गरिनेछ ।
- भ्रष्टाचार नियन्त्रण, वित्तीय अनुशासन तथा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइ सुशासन कायम गरिनेछ ।
- अभिलेख व्यवस्थापन, डिजिटल सूचना प्रणाली तथा ज्ञान व्यवस्थापनलाई व्यवस्थित र आधुनिक बनाइनेछ ।
- अन्तरपालिका, संघ तथा प्रदेश सरकार, निजी क्षेत्र र विकास साझेदारहरूसँगको समन्वय तथा सहकार्यलाई सुदृढ गरिनेछ ।

- कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता विकास, नेतृत्व विकास तथा कार्यसम्पादन संस्कृतिलाई प्रोत्साहन गरिनेछ ।
- कानुन निर्माण, नीति तर्जुमा तथा संस्थागत सुधारमार्फत स्थानीय सरकारलाई सक्षम, जवाफदेही र प्रभावकारी संस्थाका रूपमा विकास गरिनेछ ।
- कार्यसम्पादन कुशलतामा आधारित पुरस्कार र दण्डको नीतिलाइ प्रभावकारीरुपमा कार्यान्वयन गर्दै कार्य सम्पादनस्तर,कार्यदक्षता र योग्यतालाइ आधार लिइ सरुवा,बढुवा र पुरस्कृत तथा दण्ड गर्ने नीति लिइनेछ । नगरपालिकाद्धारा तर्जुमा गरिएका कानूनहरु प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- सेवा प्रवाहमा थप सहजता कायम गर्नका लागि नगरकार्यपालिकाको कार्यालय र प्रत्येक वडा कार्यालयमा क्रमस सहायता कक्ष स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।
- कर्मचारीको क्षमता विकास, अनुशासन एवं वृति विकासमा जोडदिइ कर्मचारी प्रशासनलाइ जवाफदेही,प्रतिस्पर्धी र उत्प्रेरित बनाउदै कर्मचारीको व्यवस्थापन गरिनेछ ।

- सार्वजनिक खरिदको बार्षिक तथा बहु वर्षिय खरिद योजना स्विकृत गराई कार्यान्वय गरिनेछ।
- चल अचल सम्पतिको संरक्षण गर्ने लगत राख्ने र लिलाम मिनाहा गर्ने कार्य तदारूकताका साथ गरिनेछ।
- शाखा प्रमुखले प्रमुख प्रशासकीय अधिकृतसंग र प्रमुख प्रशासकीय अधिकृतले प्रमुखसंग कार्यसंपादन सम्झौता गरि सोको मुल्यांकन गर्ने व्यवस्था लाइ निरन्तरता दिइनेछ।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४, सुशासन ऐन,२०६४ तथा नियमावली कार्यान्यनको सुनिश्चितता गरिनेछ।
- आर्थिक प्रशासनलाई प्रविधिमा जोड्नुका साथै वित्तिय सदाचारीतामा जोड दिईनेछ।
- नगर पाश्वचित्रलाई अध्यावधिक गरिनेछ।
- आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
- वित्तिय जोखीम न्युन गर्न आन्तरिक लेखापरिक्षण शाखालाई ब्यवस्थित गरी आन्तरिक लेखा परिक्षणलाई थप मजबुद गरिदै लगिनेछ।

यस गरिमामय सभामा पेश गरेको आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वय गर्न सम्पुर्ण नगरवासीहरुको साथ र सहयोग रहने विश्वास व्यक्त गर्दै सबैमा धन्यवाद व्यक्त गर्दछु।

डिल्ली राज जोशी

प्रमुख